# हुलाक सेवा विभाग, यातायात व्यवस्था विभाग र सुरक्षण मुद्रण केन्द्र बिच चिठी पत्र, सवारी चालक अनुमतिपत्र लगायतका हुलाक वस्तु ढुवानी तथा वितरण गर्ने सम्बन्धी

## सम्झौता पत्र

हुलाक सेवा विभाग, काठमाडौं (जसलाई यस पछि प्रथम पक्ष भनी सम्बोधन गरिनेछ) र सुरक्षण मुद्रण केन्द्र, काठमाडौं (जसलाई यसपछि दोस्रो पक्ष भनी सम्बोधन गरिनेछ) र यातायात व्यवस्था विभाग, काठमाडौं (जसलाई यसपछि तेस्रो पक्ष भनी सम्बोधन गरिनेछ) बिच नेपाल सरकार, यातायात व्यवस्था विभागद्वारा जारी गरिएका सवारी चालक अनुमतिपत्र लगायतका सामाग्रीहरु (हुलाक वस्तु) ढुवानी तथा वितरण गर्ने सम्बन्धमा निम्न शर्तहरु अनुसार गर्ने/गराउने गरी तीनै पक्षको सहमतिमा यो सम्झौता पत्र तयार गरी/गराई साक्षीहरुको रोहवरमा सहिछाप गरी एक एक प्रति लियौं/दियौं।

## सम्झौताका शर्तहरू

१. प्रथम पक्षले दोस्रो पक्षलाई हुलाक सेवा मार्फत प्रचलित कानून बमोजिम सवारी चालक अनुमतिपत्र लगायतका हुलाक वस्तुहरूको ढुवानी सेवा प्रदान गर्नेछ।

२. दोस्रो पक्ष मार्फत प्रथम पक्ष (गोश्वारा हुलाक कार्यालय, काठमाडौं) को कार्यालय परिसरमा उपलब्ध गराईएका हुलाक वस्तुलाई प्रथम पक्षले सम्बन्धित कार्यालय/व्यक्तिसम्म ढुवानी गर्नेछ।

३. दोस्रो पक्षले प्रथम पक्षलाई उपलब्ध गराइएका सवारी चालक अनुमतिपत्र लगायतका हुलाक वस्तुहरु तोकिएको कार्यालय/व्यक्तिलाई प्रथम पक्षले बुझाउनु पर्नेछ र सोको भरपाई दोस्रो पक्ष र तेस्रो पक्षलाई उपलब्ध गराउने दायित्व प्रथम पक्षको हुनेछ।

४. दोस्रो पक्षले हुलाक वस्तु ढुवानी तथा वितरणका लागि प्रथम पक्षलाई बुझाई सकेपछि सो पश्चात हुलाक वस्तुको सुरक्षा र संरक्षण गर्ने दायित्त्व प्रथम पक्षको हुनेछ।

५. प्रथम पक्षले तेस्रो पक्षलाई Postal Internal Tracking System (PITS) को आधिकारीक प्रयोगकर्ता खाता, युजरनेम र पासवर्ड तथा स्वचालित दर्ता प्रविष्टि, ट्रयाकिङ नम्बर र लेवल प्राप्त गर्न आवश्यक पहुँच र अनुमति उपलब्ध गराउने र सो अनुसार कार्यसम्पादन गर्दा प्रथम पक्षको प्रणाली Postal Internal Tracking System (PITS) को कार्यसम्पादनमा समस्या उत्पन्न भएमा उक्त समस्या समाधानका लागि तेस्रो पक्षले प्रथम पक्षलाई सहजीकरण गर्नुपर्नेछ। साथै सोको जानकारी सबै पक्षले एक अर्कालाई दिनुपर्नेछ।

६. दोस्रो पक्षले हुलाक मार्फत तोकिएको स्थानमा पठाइएको हुलाक वस्तु बुझ्ने कर्मचारी/व्यक्ति, स्थान लगायतको विवरण प्रथम पक्षले उपलब्ध गराएको ढाँचामा सुरक्षित रुपमा प्याकेजिङ्ग गरी उपलब्ध गराउनु पर्नेछ।

७. प्रथम पक्षले हुलाक वस्तुलाई ट्रयाकिङ बारकोड सहित Postal Internal Tracking System (PITS) मा दर्ता गरी सम्बन्धित गन्तव्य ठेगानासम्म पुऱ्याउने व्यवस्था मिलाउनु पर्नेछ। साथै दोस्रो पक्षले ट्रयाक गर्न सक्ने गरी PITS Sharing को व्यवस्था प्रथम पक्षले मिलाउनु पर्नेछ।

८. प्रथम पक्षले ढुवानी तथा वितरण गरिएको हुलाक वस्तुलाई दोस्रो पक्षबाट तोकिएको प्रापकलाई बुझाई सोको भरपाई अनिवार्य लिनु पर्नेछ र सोको प्रमाण दोस्रो पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

९. प्रथम पक्षले यस सम्झौता बमोजिम ढुवानी गरेका हुलाक वस्तु दोस्रो पक्षले तोकेको निकाय/कार्यालयमा बुझाइसकेपश्चात थप कुनै गन्तव्यमा उक्त हुलाक वस्तु ढुवानी गर्नुपर्ने भएमा प्रथम पक्ष अन्तर्गतको सम्बन्धित हुलाक निर्देशनालय/जिल्ला हुलाक कार्यालय र दोस्रो पक्षले तोकेको निकाय/कार्यालय बीच सम्झौता गरी सोही सम्झौताको शर्त बमोजिम कार्य गर्न सक्नेछन्।

१०. दोस्रो पक्षबाट प्राप्त हुलाक वस्तु ढुवानी गरिने स्थान/जिल्लागत/कार्यालयगत हिसाबले दोस्रो पक्षको आवश्यकता अनुसार रजिष्ट्री/पुलिन्दा (Parcel)/इ.एम.एस. (Express Mail Service, EMS) का रुपमा प्रथम पक्षले दर्ता गर्नेछ।

११. प्रथम पक्षले रजिष्ट्री/पुलिन्दा (Parcel)/इ.एम.एस. (Express Mail Service, EMS) का रुपमा दर्ता गरेका हुलाक वस्तु सम्बन्धित गन्तव्यमा यथासम्भव छिटो पुऱ्याउनु पर्नेछ। काबु बाहिरको परिस्थिति (प्राकृतिक तथा मानव सिर्जित विपद) मा हुलाक वस्तु तोकिएको गन्तव्यमा पुऱ्याउन नसकिएको अवस्थामा तत्कालै दोस्रो पक्षलाई जानकारी गराउनु पर्नेछ।

१२. सेवाग्राहीले सवारी चालक अनुमतिपत्र घरमै प्राप्त गर्ने (Home Delivery) सेवा रोजेको अवस्थामा तेस्रो पक्षको प्रणाली मार्फत रजिस्ट्री/पुलिन्दा/इ.एम.एस. ढुवानी वापतको प्रचलित नियमानुसारको हुलाक महशुलको भुक्तानी प्रणाली मार्फत भए/नभएको सम्बन्धमा आवश्यकता अनुसार तीनै पक्षले अनुगमन गर्नुपर्नेछ।

१३. प्रथम पक्षले हुलाक वस्तु तोकिएको स्थानमा ढुवानी गरे वापत रजिस्ट्री/पुलिन्दा (Parcel)/ ई.एम.एस. ढुवानी सरहको प्रचलित नियमानुसारको हुलाक महशुल दोस्रो पक्षले गोश्वारा हुलाक कार्यालय, डिल्लीबजार, काठमाडौंलाई मासिक/त्रैमासिक रुपमा भुक्तानी गर्नेछ। प्रथम पक्षले नियमानुसारको हुलाक महशुलको बिल समयमै दोस्रो पक्षलाई उपलब्ध गराउनुपर्नेछ।

१४. प्रथम पक्षले हुलाक वस्तु ढुवानी गर्न आवश्यकता अनुसार स्थल वा हवाई मार्ग प्रयोग गर्न सक्नेछ।

१५. दोस्रो पक्षले ठूलो परिमाणमा हुलाक वस्तु सिधै गन्तव्यमा पठाउनुपरेमा कम्तिमा ७(सात) दिन अगावै जानकारी गराई आपसी समन्वयमा हुलाक वस्तुहरू ढुवानी गर्ने व्यवस्था प्रथम पक्षले मिलाउनेछ।

१६. प्रथम पक्षले हुलाक वस्तु ढुवानी गरी सोको भुक्तानी लगायतका विषयमा लेखापरीक्षणका शिलशिलामा कुनै सुझाव प्राप्त भएको अवस्थामा प्रथम पक्षले सोको व्यहोरा दोस्रो र तेस्रो पक्षलाई जानकारी गराई आपसी सहमतिमा उक्त सुझाव कार्यान्वयन गरिनेछ।

१७. सेवा प्रवाहमा कुनै समस्या भएमा त्रिपक्षीय सहमतिमा यस सम्झौताका शर्तहरू संशोधन तथा परिमार्जन गर्न र कार्य प्रक्रियालाई सुधार गर्न सकिनेछ।

१८. हुलाक वस्तु ढुवानी सेवा सम्बन्धी गुनासो त्रिपक्षले यथाशिघ्र समाधान गर्नु पर्नेछ।

१९. यो सम्झौता कार्यान्वयन गर्न र कुनै समस्या वा विवाद आएमा समाधानका लागि सहजीकरण तथा समन्वय गर्न त्रिपक्षले आ-आफ्नो तर्फबाट एक-एक जना कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी एक आपसमा सोको लिखित जानकारी गराउनु पर्नेछ। कुनै पक्षबाट साबिकको सम्पर्क व्यक्ति परिवर्तन भएमा सोको जानकारी यथाशीघ्र अर्को पक्षलाई दिनु पर्नेछ।

२०. यो सम्झौता बमोजिमको हुलाक वस्तु ढुवानीको समन्वय, सञ्चालन तथा व्यवस्थापन प्रथम पक्ष अन्तर्गतको गोश्वारा हुलाक कार्यालय, डिल्लीबजार मार्फत हुनेछ।

नेपाल सरकार

२१. यो सम्झौता हस्ताक्षर भएको मितिबाट लागू हुनेछ। त्रीपक्षबाट प्रचलित कानून बमोजिम भङ्ग नभएसम्म यो सम्झौता कायम रहनेछ। कुनै पक्षले सम्झौता बमोजिमको कार्यलाई निरन्तरता दिन असमर्थ भएमा सोको सूचना कम्तिमा ३० (तीस) दिन अगावै लिखित रुपमा अर्को पक्षलाई जानकारी दिनुपर्नेछ। प्रचलित कानून बमोजिम यो सम्झौता भङ्ग गर्नुपर्ने भएमा दुवै पक्षले यस सम्झौतामा उल्लेखित शर्तहरु बमोजिम आ-आफ्नो पक्षको दायित्व सम्भव भएसम्म सोही आ.व. भित्रमा फरफारक गर्नुपर्नेछ।

२२. यो सम्झौतामा थपघट गर्नुपरेमा त्रीपक्षको आपसी सहमतिमा गर्न सकिनेछ।

२३. यस सम्झौतामा उल्लेख गरिएका विषय यसै बमोजिम र अन्य विषय प्रचलित कानून बमोजिम हुनेछन्।

**प्रथम पक्षको तर्फबाट**

दस्तखतः

नामः मनमायाँ भट्टराई पंगेनी

दर्जाः महानिर्देशक

कार्यालयः हुलाक सेवा विभाग

**तेस्रो पक्षको तर्फबाट**

दस्तखतः

नामः राजिव पोखरेल

दर्जाः महानिर्देशक

कार्यालयः यातायात व्यवस्था विभाग

**दोस्रो पक्षको तर्फबाट**

दस्तखतः

नामः देवराज ढुङ्गाना

दर्जाः कार्यकारी निर्देशक

कार्यालयः सुरक्षण मुद्रण केन्द्र

साक्षीहरू

दस्तखतः

नामः सपना कुमारी भट्टराई

दर्जाः निर्देशक

कार्यालयः हुलाक सेवा विभाग

दस्तखतः

नामः केशव खतिवडा

दर्जाः सूचना प्रविधि निर्देशक

कार्यालयः यातायात व्यवस्था विभाग

दस्तखतः

नामः लोक बहादुर वि.क.

दर्जाः शाखा अधिकृत

कार्यालयः सुरक्षण मुद्रण केन्द्र

इती संवत २०८३ साल असोज महिना ६ गते रोज ३ शुभम् ।